


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २३६ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८३ भदौं २५ गते बिहीबार ❑ 10 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## नागरिकको आक्रोशलाई राज्यप्रतिको अपेक्षा र अन्तिम गुहारका रूपमा बुझ्नुपर्छ: सभापति लामिछाने

**रासस**
काठमाडौं, २४ भदौं

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले बाढीबाट प्रभावित नागरिकको आक्रोशलाई सरकारविरुद्धको प्रहारका रूपमा नभई राज्यप्रतिको अपेक्षा र अन्तिम गुहारका रूपमा बुझ्नुपर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा समय लिएर बोल्दै सभापति लामिछानेले विपत्तिमा परेका नागरिकमाथि सामाजिक सञ्जालमार्फत टिप्पणी, कटाक्ष वा साइबर बुलिङ नगर्न पनि आग्रह गर्नुभयो। यही भदौ १० गते रसुवाको भोटेकोशी हुँदै आएको विनाशकारी बाढीलाई केवल प्राकृतिक विपत्ति मात्र नभई जलवायु अन्यायको परिणामका रूपमा लिएर विश्वस्तरमा प्रभावकारी पहल गर्न सरकारसँग उहाँले आग्रह गर्नुभयो। बाढीमा ज्यान गुमाएका तथा बेपत्ता नागरिकप्रति श्रद्धाञ्जली र पीडित परिवारप्रति समवेदना व्यक्त गर्दै सभापति लामिछानेले विपत्तिमा परेका नागरिकको उद्धार अझै जारी रहेकाले सुखद समाचारको आशा मार्न नहुने बताउनुभयो।

जलवायु परिवर्तनमा नेपालको योगदान नगन्य भए पनि त्यसको गम्भीर असर नेपाली नागरिकले भोगिरहेको प्रसङ्ग उल्लेख गर्नुहुँदै सभापति लामिछानेले जलवायु परिवर्तनका कारण हुने क्षतिको न्यायोचित अन्तरराष्ट्रिय सम्बोधन हुन आवश्यक रहेको बताउनुभयो। उहाँले विपत्तिमा ज्यान गुमाएका नागरिकलाई प्राकृतिक विपत्तिका



सामान्य मृतकका रूपमा मात्र हेर्न नहुने धारणा राख्नुभयो।

विपत्तिको समयमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय प्रशासन, जनप्रतिनिधि, स्वास्थ्यकर्मी, स्वयंसेवक तथा आम नागरिकले निर्वाह गरेको भूमिकाको उहाँले प्रशंसा गर्नुभयो। सभापति लामिछानेले विपत्ति आइलाग्नासाथ राज्य संयन्त्र परिचालन गरी प्राथमिकतासाथ उद्धार, उपचार र राहतको काम सुरु गरेकामा सरकारलाई धन्यवाद दिनुभयो। उहाँले अहिलेको समयमा सरकारले गरेको उद्धार तथा राहत प्रयासको आलोचना मात्र गरेर समय खेर फाल्न नहुने धारणा व्यक्त गर्नुहुँदै आआफ्नो क्षेत्रबाट बाढी पीडितलाई सक्दो सहयोग गर्न अनुरोध गर्नुभयो।

‘विपद्को समयमा हामी सरकारको साथमा छौँ’ भन्ने भावनासहित उहाँले विपत्तिलाई राजनीतिक लाभ-हानिको विषय बनाउन नहुने बताउँदै उहाँले सरकारका कामको रचनात्मक आलोचना गर्दै जवाफदेहिता माग्नु प्रतिपक्षको अधिकार र कर्तव्य भए पनि राष्ट्रिय पीडालाई राजनीतिक हतियार बनाउन नहुने बताउनुभयो। अहिलेको विषम् परिस्थितिमा राहत र पुनर्निर्माणमा मात्र सीमित नभई त्यसको मूल कारणसम्म पुग्नुपर्नेमा जोड दिनुहुँदै जलवायु परिवर्तनले गहिरिँदै गएको सङ्कटको परिणामका रूपमा यस्ता विपत्ति बढ्न सक्ने भएकाले नेपालले जलवायु न्यायका लागि विश्व अभियान अघि बढाउनुपर्ने उहाँको भनाइ थियो।

यसका लागि हिमालयलाई विशेष जलवायु तथा विपद् जोखिम क्षेत्रका रूपमा विश्वस्तरमा मान्यता दिलाउन पहल गर्न, हिमालय संरक्षण तथा जलवायु अनुकूलनका लागि ‘ग्रिन क्लाइमेट फन्ड’मा सहज वित्तीय पहुँच सुनिश्चित गर्न र ‘साउथ-साउथ कोअपरेसन’मार्फत हिमालयसम्बन्धी वैज्ञानिक अनुसन्धान तथा तथ्याङ्क आदानप्रदान अघि बढाउन सभापति लामिछानेले प्रस्ताव गर्नुभयो। त्यस्तै, सीमा-पार प्रारम्भिक चेतावनी तथा विपद् पूर्वसूचना प्रणाली विकास गर्न, हिमाली समुदायको जीवन, जीविकोपार्जन र सुरक्षित भविष्य संरक्षण गर्न तथा जलवायुजन्य हानि-नोक्सानी सम्बोधनका लागि अन्तरराष्ट्रिय सहयोग सुनिश्चित गर्न आवश्यक पहल गर्नुपर्ने बताउनुभयो। बाढीबाट भएको मृत्यु, बेपत्ता, विस्थापन तथा आर्थिक र गैरआर्थिक क्षतिको व्यवस्थित राष्ट्रिय ‘क्षति तथा हानि अभिलेख’ तयार गर्नुपर्नेमा जोड दिँदै उहाँले जलवायु परिवर्तनको भूमिकाबारे स्वतन्त्र वैज्ञानिक अध्ययन गराई त्यसैका आधारमा अन्तरराष्ट्रिय क्षति तथा हानिको दाबी गर्न पहल गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

पुनर्निर्माणका नाममा नेपाली जनतामाथि थप ऋणको भार थोपर्न नहुने भन्दै उहाँले अनुदानमा आधारित अन्तरराष्ट्रिय जलवायु वित्त परिचालन गर्नेतर्फ नेपालको ध्यान जानुपर्ने उहाँले बताउनुभयो। साथै, हिमताल, हिमनदी, वर्षा र नदीको वास्तविक समय निगरानी तथा सीमापार पूर्वसूचना र तथ्याङ्क आदानप्रदान प्रणालीलाई राष्ट्रिय प्राथमिकतामा राखी सोहीअनुसार अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो। सभापति लामिछानेले अबको केही दिनमा हुने संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा नेपाली प्रतिनिधिमण्डलले जलवायु सङ्कट र हिमालयको अवस्थाबारे विश्व समुदायको ध्यानाकर्षण गराउनुपर्ने बताउनुभयो। उहाँले

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## ट्रकको ठक्करबाट स्याङ्जाका २५ वर्षीय मोटरसाइकल चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भदौं

पोखरामा ट्रकको ठक्करबाट गम्भीर घाइते हुनु भएका मोटरसाइकल चालक एक युवाको उपचारका क्रममा मृत्यु भएको छ। मृत्यु हुनेमा स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-५ का २५ वर्षीय नवराज दर्जी रहेको प्रहरीले जनाएको छ।

बुधबार दिउँसो १२:५० बजे पोखरा महानगरपालिका-१० बुद्धचोकस्थित पृथ्वी राजमार्गमा दुर्घटना भएको थियो। पृथ्वीचोकबाट अमरसिंहचोकतर्फ जाँदै गरेको ना ५ ख ८२४४ नम्बरको ट्रकले विपरीत दिशाबाट आउँदै गरेको ग ७ प २८२ नम्बरको पल्सर मोटरसाइकललाई ठक्कर दिदा मोटरसाइकल चालक दर्जीको टाउको र अनुहारमा गम्भीर चोट लागेको थियो। दुर्घटनापछि तत्काल उद्धार गरी उपचारका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिम क्षेत्रीय अस्पताल) पोखरा लगिएको थियो। अस्पतालमा उपचारका क्रममा दिउँसो २:२२ बजे चिकित्सकले दर्जीलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी वीरेन्द्रकुमार पासवानले बताउनुभयो। मृतकको शव अस्पतालमा राखिएको उहाँले जानकारी दिनुभयो। दुर्घटना पश्चात केही समयसम्म मृतकको पहिचान खुल्न सकेको थिएन। पछि उनका दाजु नाता पर्ने हरि परियारले प्रहरी कार्यालय रामबजारमा सम्पर्क गरेपछि मृतक नवराज दर्जी भएको पुष्टि भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा संलग्न ट्रक र ट्रक चालक सिन्धुलीको कमलामाई नगरपालिका-८ का ३६ वर्षीय खडकबहादुर विश्वकर्मालाई प्रहरीले नियन्त्रणमा लिएको छ। घटनाको जानकारी पाएलगत्तै वडा प्रहरी कार्यालय रामबजारबाट प्रहरी नायब निरीक्षक राजेश मल्ल ठकुरीको नेतृत्वमा ट्राफिक प्रहरी सहित नौ जनाको टोली घटनास्थल पुगेको थियो। दुर्घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ।

## बाढीले अवरुद्ध मनास्लु पदमार्ग पुन:सञ्चालनमा

**पोखरापत्र संवाददाता**
गोरखा, २४ भदौं

मनास्लु पदमार्गअन्तर्गत दुई ठाउँको पुल बाढीले बगाएर बाटो बन्द भएपछि स्थानीयले फड्के बनाएर पुनःसञ्चालनमा ल्याएका छन्।

चुमनुब्री गाउँपालिका-४ नाम्रुङस्थित थेराङ र सुराङ खोलामाथि फड्के हालेर पदमार्ग पुनःसञ्चालनमा ल्याइएको हो।

चुमनुब्री गाउँपालिका-४ वडाअध्यक्ष पेमा ग्याल्पो लामाका अनुसार गत आइतबार नाम्रुङस्थित फलामे पुल थेराङ खोलाको बाढीले बगाएको थियो। यस्तै सुक्समको झोलुङ्गे पुल पनि बूढीगण्डकीको बाढीले बगाएको थियो। सुक्सममा पहिरोले बाटो बगाएपछि आवतजावत बन्द भएको थियो। अहिले बूढीगण्डकीले पुल बगाएपछि अवरुद्ध भएको सुक्समसमाथि वैकल्पिक बाटो बनाएर आवतजावत खुलाइएको वडाअध्यक्ष लामाले बताउनुभयो। “थेराङमा फड्के बनाएपछि त्यहाँ बाटो खुलिसकेको छ’, उहाँले भन्नुभयो, ‘सोमबार र मङ्गलबार सुक्सममाथि वैकल्पिक बाटो खनेर सुरङ खोलामाथि फड्को बनाएर अस्थायी आवतजावत खुलाएका छौँ।”

काठको मुढा तेर्स्याएर दुइतर्फी बार लगाएको फड्के निर्माण गरिएको वडाध्यक्ष लामा बताउनुहुन्छ। सुराङको फड्के तरेर स्याउबारी हुँदै नाम्रुङ निस्कने वैकल्पिक बाटो निर्माण भएको छ। आइतबार बिहान थेराङ खोलामा गएको बाढीले नाम्रुङका चार घर, दुई लघुजलविद्युत् र एक पुल बगाएको थियो। साथै, सोही बाढीले बूढीगण्डकीको बहाव बढ्न गई सुक्समस्थित झोलुङ्गे पुल बगाएको र पहिरोसमेत झरेपछि मनास्लु पदमार्ग अवरुद्ध बनेको थियो।

## होटल संघद्धार राहत कोषमा सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भदौं

होटल संघ पोखरा नेपालले प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा सहयोग रकम प्रदान गरेको छ।

संघका तर्फबाट दुई लाख रुपैयाँ, बाराही हस्पिटालिटिका तर्फबाट २० लाख ५५ हजार रुपैयाँ र अन्य होटलको सहित गरी कूल २९ लाख ३५ हजार आठ सय ३३ रुपैयाँको भौचर कास्कीका प्रमुख जिल्ला अधिकारी कुमान सिंह गुरुङलाई प्रदान गरिएको थियो। सो अवसरमा माउण्टेन ट्रष्टका तर्फबाट गरिएको १० लाख रुपैयाँ सहयोग बारे समेत जानकारी प्रदान गरिएको थियो। संघका अध्यक्ष लक्ष्मण सुवेदीको नेतृत्वमा संघको एक टोली बुधबार जिल्ला प्रशासन कार्यालय कास्की पुगी सहयोगबारे अवगत गराएको हो। संघ अन्तर्गतका होटलबाट यसअघि स्वस्फुर्त रुपमा गरिएको सहयोग समेत जोड्दा हालसम्म सहयोग रकम ४० लाख रुपैयाँ कटेको पनि अध्यक्ष सुवेदीले जानकारी दिए। सहयोग आउने क्रम निरन्तर रहेको जानकारी दिँदै अध्यक्ष सुवेदीले भविश्यमा पनि यो क्रम जारी रहने बताए।

सो अवसरमा प्रजिअ गुरुङले विपतमा परेकालाई राहतकोषमार्फत् संघ लगायतका होटल र संस्थाले गरेको सहयोगको सराहना गरे। तपाइँहरुले मन फुकाएर सहयोग गर्नुभएको छ, यो प्रशंसनीय छ, उनले भने। राहत कोषमा हाल ११ अर्ब ९८ करोड ९७ लाख रुपैयाँ मौज्दात रहेको सरकारले जनाएको छ।

## मुस्ताङ भन्सार: ५६ करोड राजस्व सङ्कलन

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भदौं

भोटेकोशीमा बाढीका कारण (रसुवागढी–केरुङ) नाका पूर्ण रूपमा बन्द भएपछि मुस्ताङ भन्सार कार्यालयमा राजस्व सङ्कलनमा उल्लेख्य वृद्धि भएको छ। भन्सार कार्यालयका अनुसार यही भदौ १० देखि २३ गतेसम्म रु ५६ करोड बढी राजस्व सङ्कलन भएको छ।

रसुवा र तातोपानी नाका एकैसाथ बन्द हुँदा मुस्ताङ भन्सार कार्यालय मात्रै वैकल्पिक नाका बनेको छ। कोरलानाका हुँदै नेपाल प्रवेश गरेका ८८ वटा मालवाहक कन्टेनर र १३० वटा विद्युतीय सवारी (इभी) को भन्सार जाँचपास भएको भन्सार प्रमुख विदुर चुडालले जानकारी दिनुभयो।

दैनिक पन्ध्र वटासम्म विद्युतीय सवारी र १० वटा बढी मालवस्तु पैठारी गरिएका कन्टेनर कोरलानाकाबाट भित्रिएको छ। भन्सार प्रमुख चुडालका अनुसार चालु आवको साउनदेखि भदौ १० गतेसम्म १६३ विद्युतीय सवारी र १३३ वटा मालवस्तु बोकेको कन्नेटरको भन्सार जाँचपास गरिएको थियो।

चालिस दिनमा रु ५२ करोड ८० लाख राजस्व सङ्कलन भएको थियो। सो भन्सार कार्यालयले हालसम्म रु एक अर्ब आठ करोड ८० लाख राजस्व सङ्कलन भएको छ।

आव २०८२/८३ मा मुस्ताङ भन्सारले रु छ अर्ब ९२ करोड राजस्व सङ्कलन गरेको थियो।



# भू तथा जलाधार व्यवस्थापन कार्यालयका एक सय ९४ योजना सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २४ भदौं

गण्डकी प्रदेशका छ वटा जिल्ला कार्य क्षेत्र रहेको भू तथा जलाधार व्यवस्थापन कार्यालय तनहुँले आर्थिक वर्ष २०८२/८३ मा १९४ योजना सम्पन्न गरेको छ । त्यस अवधिमा ११ वटा योजना भने कार्यान्वयन हुन नसकेको कार्यालयले जनाएको छ।

कार्यालय प्रमुख दिवाकर पौडेलका अनुसार कार्यालयको कार्यक्षेत्र मनाङ, लमजुङ, गोरखा, तनहुँ, नवलपुर र कास्की रहेको छ। प्रदेश तथा सङ्घीय सरकारबाट ससर्त प्राप्त बजेटअन्तर्गत ९४ प्रतिशत योजना सम्पन्न भएको छ । मनाङमा सातवटै योजना सम्पन्न भएका छन् । लमजुङमा ५९ योजनामध्ये ५३, गोरखामा ३५ मध्ये ३२, तनहुँमा ३७ मध्ये ३६, नवलपुरमा १० वटै र कास्कीमा ५७ मध्ये ५६ वटा योजना सम्पन्न भएको पौडेलले बताउनुभयो । त्यसअवधिमा गल्छी तथा पहिरो नियन्त्रण, खोला किनार संरक्षण, बस्ती संरक्षण, पोखरी संरक्षण, पानीका मुहान संरक्षण, सिँचाइ कुलो सुधार, गोरेटो बाटो निर्माण तथा सडक संरक्षण लगायतका काम गरिएको पौडेलले बताउनुभयो ।

जलाधार तथा भू-क्षय नियन्त्रणसँगै बाढीपहिरोको जोखिम न्यूनीकरण गर्ने उद्देश्यले विभिन्न स्थानमा संरक्षणका पूर्वाधार निर्माण तथा सुधारका काम गरिएको कार्यालय प्रमुख पौडेलले बताउनुभयो। विशेषगरी पहिरो तथा भू-क्षयका कारण जोखिममा रहेका बस्ती, सडक, खोलानाला तथा पानीका स्रोत संरक्षणलाई प्राथमिकता दिइएको उहाँको भनाइ छ । वर्षायाममा पहिरो तथा भू-क्षयका कारण जोखिममा पर्ने बस्ती, सडक तथा खेतीयोग्य जमिनको संरक्षणका लागि आवश्यक संरचना निर्माण तथा सुधारका काम गरिएको उहाँले जानकारी दिनुभयो । खोलानालाको कटानका कारण बस्ती तथा पूर्वाधार जोखिममा पर्ने क्षेत्रलाई लक्षित गरी खोला किनार संरक्षणका काम सम्पन्न गरिएको छ। यस्तै, स्थानीयस्तरमा पानीका मुहान संरक्षण र पोखरी निर्माण तथा संरक्षणमार्फत पानीको स्रोत जोगाउने प्रयास गरिएको कार्यालयले जनाएको छ । कार्यालयका लागि सङ्घीय सरकारबाट आर्थिक वर्ष २०८२/८३ मा रु एक करोड २५ लाख बजेट विनियोजन भएको थियो । उक्त बजेटमध्ये रु एक करोड १६ लाख खर्च भएको छ । त्यस्तै, प्रदेश सरकारबाट रु १२ करोड १९ लाख बजेट प्राप्त भएकामा रु १० करोड ७१ लाख खर्च भएको छ।

**सत्र दरबन्दीमा ११ कर्मचारी मात्रै**

छ जिल्लालाई कार्यक्षेत्र बनाएर काम गरिरहेको कार्यालयमा जनशक्तिको अभाव रहेको छ। कार्यालयमा १७ जना कर्मचारीको दरबन्दी रहेकामा हाल ११ जना मात्रै कार्यरत छन् । कार्यालय प्रमुख पौडेलका अनुसार सीमित जनशक्तिबाट ठूलो भौगोलिक क्षेत्र समेटेर काम गर्नुपर्ने भएकाले योजना अनुगमन, प्राविधिक मूल्याङ्कन, कार्यान्वयन तथा सेवाप्रवाहमा समस्या हुने गरेको छ।

एकै कार्यालयले मनाङदेखि नवलपुरसम्मका छ जिल्लामा काम गर्नुपर्ने भएकाले कर्मचारी अभाव हुँदा नियमित अनुगमन तथा योजनाको गुणस्तर कायम गर्न चुनौती थपिएको उहाँले बताउनुभयो।

# भोटेकोशी बाढी प्रभावितका लागि मन्त्र थकालीका चार महिला उद्यमीको २१ लाख सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २४ भदौं

रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि पोखराका चार महिला उद्यमीले संचालन गरेको मन्त्र थकालीले २१ लाख एक हजार ११ रुपैयाँ आर्थिक सहयोग गरेको छ।

पोखराको न्यूरोडबाट करिब १८ वर्षअघि सुरु भएको मन्त्र थकालीका सञ्चालक नमिता शेरचन भट्टचन, रोश्नी तुलाचन शेरचन, विनिता गौचन र तृष्णा शेरचनले संयुक्त रूपमा उक्त रकम सहयोग गर्नुभएको हो ।

उहाँहरूले अर्थमन्त्री स्वर्णिम वाग्लेलाई उक्त रकम बराबरको चेक हस्तान्तरण गर्दै सरकारको राहत अभियानमा आफ्नो तर्फबाट सहयोगको हातेमालो गर्नुभएको हो । भोटेकोशी बाढीले ठूलो जनधनको क्षति पुऱ्याएको घटनाले आफूहरूलाई समेत गहिरो दुःख लागेको उल्लेख गर्दै चारै जना उद्यमीले विपद्को समयमा आफूहरूले सक्दो सहयोग गर्न पाउँदा गर्व महसुस भएको बताउनुभयो । उद्यमी नमिता शेरचनले आफूहरू चार जना आमा भएकाले प्राकृतिक विपत्तिबाट पीडित नेपाल आमाको दुःखमा सानो भए पनि सहयोग गर्न पाउनु आफ्ना लागि विशेष अवसर भएको बताउनुभयो । 'हामीले कमाएको केही रकम यसरी सरकारलाई अप्ठ्यारो परेको बेला नेपाल आमालाई सहयोग गर्ने अभियानमा जोड्न पायौं, यसका लागि हामी आभारी छौं,' उहाँले भन्नुभयो । करिब १८ वर्षअघि पोखराको न्यूरोडबाट सुरु भएको मन्त्र थकालीले अहिले आफ्नो सेवा पोखराको लेकसाइडसँगै काठमाडौँको झम्सीखेल र महाराजगञ्जसम्म विस्तार गरेको छ। परम्परागत थकाली खानाको प्रवर्द्धन गर्दै व्यवसाय सञ्चालन गरिरहेको संस्थाले हाल करिब १५० जनालाई प्रत्यक्ष रोजगार ासमेत दिएको सञ्चालकहरूले बताउनुभयो । व्यवसायबाट प्राप्त आम्दानीको केही हिस्सा सामाजिक क्षेत्रमा खर्च गर्ने अभ्यास विगतदेखि नै गर्दै आएको नमिताले बताउनुभयो । आगामी दिनमा पनि सामाजिक उत्तरदायित्वका गतिविधिलाई निरन्तरता दिने उहाँको भनाइ छ। 'सबैको साथ र मायाका कारण पोखराको न्यूरोडबाट सुरु भएको हाम्रो मन्त्र थकाली आज चारवटा आउटलेटसम्म विस्तार गर्न सफल भएको छ,' उहाँले भन्नुभयो, 'हामीले आर्जन गरेको नाफाको केही हिस्सा सामाजिक क्षेत्रमा विगतदेखि नै लगाउँदै आएका छौं र आगामी दिनमा पनि यसलाई निरन्तरता दिनेछौं । यसको श्रेय हाम्रा भगवानरूपी ग्राहक वर्गलाई पनि जान्छ।' भोटेकोशीमा आएको बाढीबाट भएको जनधनको क्षतिले आफूहरूलाई समेत पीडित बनाएको अनुभूति भएको बताउँदै नमिताले उक्त रकमलाई विपत्तिको समयमा गरिएको सानो सहयोगको प्रयासका रूपमा लिन आग्रह गर्नुभयो । उहाँले विपद्मा परेका नागरिकको उद्धार तथा राहतका लागि आ-आफ्नो क्षमताअनुसार सहयोग गर्न अन्य व्यक्ति, व्यवसायी तथा संघसंस्थालाई समेत आग्रह गर्नुभयो ।

# मदिराको असरबाट बालबालिकालाई जोगाउनु पर्ने

पोखरापत्र संवाददाता
पोखरा, २४ भदौं

मदिराको नियमन तथा नियन्त्रणमा सञ्चार क्षेत्रको भूमिका प्रभावकारी बनाउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

सिविन नेपालले बुधबार पोखरामा आयोजना गरेको 'मदिराको नियमन र नियन्त्रणमा सञ्चार क्षेत्रको भूमिका' विषयक छलफल कार्यक्रममा सहभागी वक्ताहरूले मदिराको उत्पादन, प्रयोग तथा वितरणका कारण बालबालिकामा पर्न सक्ने असर न्यूनीकरणका लागि सञ्चार क्षेत्रले सचेतना अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताएका हुन्। कार्यक्रममा बोल्दै सिविन नेपालका अध्यक्ष माधव प्रधानले सबै स्थानीय तहमा बाल कल्याण अधिकृत तोक्ने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको बताए। बालबालिकाका क्षेत्रमा प्रभावकारी काम गर्न तथा उनीहरूको अधिकार सुनिश्चित गर्न प्रत्येक पालिकामा बाल कल्याण अधिकृत आवश्यक रहेको उनको भनाइ थियो। सिविन नेपालका कार्यक्रम निर्देशक ध्रुव गौतमले मदिर ासम्बन्धी कानुनी व्यवस्था, ऐन तथा नियमलगायतका विषय समेटिएको कार्यपत्र प्रस्तुत गरेका थिए। उनले मदिराको उत्पादन, प्रयोग र वितरण समग्र मानव विकास तथा सामाजिक विकाससँग जोडिएको विषय भएको बताए।राज्यले अन्तशुल्क उठाउने माध्यम मानेर मानव स्वास्थ्यलाई कम देखेको गुनासो थियो।

मदिराले बहुआयामिक असर पार्नेबारेमा विश्व स्वास्थ्य संगठनले औल्याएको तर्फ ध्यान दिन पनि आग्रह गरे। मदिरासम्बन्धी विषयमा नीति निर्माता तथा नियामक निकायसँग कार्यक्रम गर्दा अपेक्षाकृत प्रभावकारी हुन नसकेको उल्लेख गर्दै गौतमले सञ्चारकर्मीलाई यस विषयमा जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए।

सञ्चारमाध्यममार्फत विषयको प्रभावकारी उठान र बहसले सकारात्मक परिणाम ल्याउन सक्ने उनको विश्वास थियो। सिविन नेपालका कार्यक्रम व्यवस्थापक सागर भण्डारीले मदिराबाट हुने राजस्व संकलनलाई मात्रै प्राथमिकतामा राख्न नहुने बताए। मदिराको प्रभावबाट बालबालिकालाई जोगाउन राज्य तथा सम्बन्धित निकायले विशेष ध्यान दिनुपर्नेमा उनले जोड दिए।

मदिराको प्रयोगका कारण बालबालिकाको क्षेत्रमा ठूलो क्षति भइरहेको सविन हेल्पलाइनको तथ्यांकले देखाएको उनको दाबी थियो। सिविन नेपाल कास्कीका जिल्ला संयोजक शंकर नेपालीले संचारकर्मीसंग कार्यक्रम गर्नु पर्नाका बारेमा जानकारी गराएका थिए।

# किम्रुङखोलाको बहाव पूर्ववत् अवस्थामा छ, जोखिम छैन: वडाध्यक्ष गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, २४ भदौं

कास्कीको अन्नपूर्ण गाउँपालिका-११ मा मोदी खोलाको सहायक किम्रुङखोलाको बहाव आज बिहानदेखि पुरानै अवस्थामा फर्किएको छ।

मंगलबार साँझ खोला थुनिदा पानीको बहाब रोकिएका आशंकामा गएराति उच्च सतर्कता अपनाइको थियो । अन्नपूर्ण-११ का वडाध्यक्ष हिमबहादुर गुरुङले खोलाको बहाव अहिले पूर्ववत् अवस्थामा बगिरहेको र जोखिम नरहेको जानकारी दिनुभयो।

"हिजो साँझदेखि खोलामा पानी घटेपछि कतै पहिराका कारणले हो कि भनेर सबैतिर चिन्ता र चासो भयो । हामीले पनि सबै ठाउँमा सतर्कताका लागि अपिल पनि गरेका थियौँ, कतै पहिरो गएको कारणले हो कि भनेर माथि बुझ्न भनेका छौँ, तर अहिले खोलामा पानी पहिलाकै अवस्थामा बगेकाले जोखिम देखिदैन । सबै जना ढुक्क भए हुन्छ", अध्यक्ष गुरुङले भन्नुभयो । खोला थुनिएपछिको सम्भावित जोखिमपछि मोदी र किम्रुङखोला नदी तटीय क्षेत्रमा उच्च सतर्कता अपनाइएको थियो । जिल्ला प्रहरी कार्यालयले कास्कीका वीरेठाँटी, नयाँपुल तथा पर्वतको पातीचौर र डिमुवा क्षेत्रमा 'माइकिङ' गरेर स्थानीयलाई सुरक्षित रहन आग्रह गरेको थियो भने स्थानीयले रातमा घर छाडेर सुरक्षित स्थानमा निस्किएका थिए । खोला थुनिएको हुनसक्ने सूचनापछि गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसी र वडा प्रहरी कार्यालय बगरबाट प्रहरी निरीक्षक रामप्रसाद सापकोटाको कमाण्डमा १० जनाको प्रहरी टोली खटिएको थियो भने घान्द्रुक, वीरेठाँटी र नयाँपुलबाट समेत प्रहरी परिचालित भएका कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बराललले जानकारी दिनुभयो । किम्रुङ खोलामा गत असार २८ गते पनि एक्कासी बाढी आएको थियो । सो बाढीले पुल बगाएको थियो भने होटलहरुमा क्षति पुगेको थियो । त्यसपछि मोदी खोलाको बाढीले अन्नपूर्ण गाउँपालिका चार वडा सिधा सडक सम्पर्कबाट विच्छेद छन् । वीरेठाँटी-घान्द्रुक सडक तीन सातादेखि अवरुद्ध बनेकाले अहिले वीरेठाँटीमा पुनर्निर्माणको काम भइरहेको छ।

# प्रधानमन्त्री राहत कोषमा टेवानको १ लाख, तीज मेला स्थगित

पोखरापत्र संवाददाता
पोखरा, २४ भदौं

पर्यटन व्यवसायी महिला संघ नेपाल (टेवान) ले भोटेकाशी बाढीपीडितको राहतका लागि प्रधानमन्त्री राहत कोषमा १ लाख रुपैयाँ जम्मा गरेको छ।

भदौ १४ मा आयोजना गर्ने भनिएको तीजको दर खाने कार्यक्रम रद्द गरी संघले उक्त रकम सहयोग गरेको अध्यक्ष शोभा पाण्डेले बताइन् । टेवानले तीजकै अवसरमा हरेक वर्ष बाराहीघाटमा आयोजना गर्दै आएको तीज सांस्कृतिक महोत्सव तथा उद्यमी मेला यस वर्ष स्थगित गर्ने निर्णय गरेको छ । 'यस्तो परिस्थितिमा मेला आयोजना गर्न उपयुक्त नहुने ठानेर पूर्वनिर्धारित कार्यक्रम पनि स्थगित गर्‍यौं,' अध्यक्ष पाण्डेले भनिन्, 'आगामी वर्ष निरन्तरता दिने छौं ।' बाढीपीडितको उचित व्यवस्थापन, बेपत्ताको खोजी, घाइतेको उपचार र मृतकको परिवारलाई समयमै राहत उपलब्ध गराउन टेवानले सरकारसँग माग गरेको छ।

संकटको यो घडीमा सम्पूर्ण नेपाली एकतावद्ध हुन संघले आह्वान गरेको छ । बाढीले भोटेकोशी क्षेत्रमा असर पुगे पनि अन्य पर्यटकीय गन्तव्य सुरक्षित रहेकोले विदेशी पर्यटक आउने वातावरण बनाउन सरकारले पहल गर्नुपर्ने अध्यक्ष पाण्डेले बताइन्।

# भूकम्पबाट लोमान्थाङमा दुई संरचनामा क्षति

पोखरापत्र संवाददाता
मुस्ताङ, २४ भदौं

गए रातिको भूकम्पको पराकम्पनले उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकामा दुई संरचनामा आंशिक क्षति पुगेको छ।

जिल्ला प्रहरी कार्यालयका अनुसार, लोमान्थाङ क्षेत्रलाई केन्द्रविन्दु बनाई गए राति गएको पाँच दशमलव ३ म्याग्नेच्युड स्केलको भूकम्पले लोमान्थाङ-३ फुवा गाउँको एक घरको छत र पर्खाल भत्किएको छ।

ढुङ्गा र माटोले निर्मित उक्त घरमा मानिस नबस्ने भएकाले मानवीय क्षति भने नभएको प्रहरी नायब उपरीक्षक रामचन्द्र तिवारीले बताउनुभयो । उक्त भूकम्पको उपल्लो मुस्ताङमा ठूलै पराकम्पन महसुस गरिएको हो । प्रहरीका भूकम्पबाट लोमान्थाङ-५ लोमान्थाङस्थित छोदे गुम्बाको बाहिरी पर्खालसमेत भत्किएको छ । भूकम्पको धक्का महसुस भएपछि त्यस क्षेत्रका स्थानीय घर बाहिर बसेका थिए।


## बिरुवा बचत तथा ऋण सहकारी संस्था लि.
BIRUWA SAVING & CREDIT CO-OPERATIVE LTD.
पोखरा-१७, बिरौटा, कास्की, फोन नं. ०६१-४५६५७७

## पन्धौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/२५ गते**

**बिरुवा बचत तथा ऋण सहकारी संस्था लि.** को विनियमको दफा २७ बमोजिम मिति २०८३/०५/०९ गते का दिन बसेको सञ्चालक समितीको बैठकको निर्णय अनुसार **पन्धौं वार्षिक साधारण सभा** निम्न मिति समय र स्थानमा सञ्चालन गर्ने निर्णय भएको हुँदा सम्पूर्ण सेयर सदस्यज्यूलाई उक्त कार्यक्रममा अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**छलफलका विषयहरु**

१) सचालक समितिको प्रतिवेदन प्रस्तुत, छलफल तथा पारित सम्बन्धमा ।
२) कोषाध्यक्षद्वारा प्रस्तुत हुने आर्थिक तथा लेखा परिक्षण प्रतिवेदन प्रस्तुत तथा पारित गर्ने सम्बन्धमा ।
३) लेखा समितीको प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।
४) आ.व. ०८३/८४ का लागी लेखा परिक्षक नियुक्ती र पारिश्रमिक सम्बन्धमा ।
५) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर प्रमाणित गर्ने १२ जना शेयर सदस्य मनोनयन सम्बन्धमा ।
६) विविध ।

**कार्यक्रम**
**मिति :** २०८३ आश्विन २५ गते, आइतबार
**समय :** बिहान ठीक ७:३० बजे
**स्थान :** ग्यालेक्सी पार्टी प्यालेस, पोखरा-१७ विरौटा ।

**सञ्चालक समितिको आज्ञाले**
**सचिव**


# पैगीलामा चेलीबेटी समूहले तीजको खुसी दैवी पीडितका आँसु पुछ्न खर्चिए

पोखरापत्र संवाददाता
पोखरा, २४ भदौं



तीज भन्नासाथ आँखाअघि रातो सारी, मिठा परिकार, नाचगान र खुसीका रंगहरू झल्किन्छन् । तर, यसपटक माछापुच्छ्रे गाउँपालिका स्थित रिभान चौरा नाथु प्रल्हाद डैह्रो पैगी लामा चेलीबेटी समूहले तीजको खुसीलाई फरक ढंगले मनाएका छन् ।

आफ्ना लागि छुट्याएको खुसीको रकम विपद्मा परेका दाजुभाइ तथा दिदीबहिनीका आँसु पुछ्न समर्पित गरेर उनीहरूले तीजको अर्थलाई अझ मानवीय बनाएका छन् । देशका विभिन्न स्थानमा आएको विपद्बाट नागरिक पीडित भइरहेका बेला समूहले तीज मनाउन संकलन गरेको एक लाख ५० हजार एक सय २५ रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको हो ।

बुधबार उक्त रकम कोषमा हस्तान्तरण गरिएको समूहले जनाएको छ । चाडपर्वको रमझमभन्दा विपद्को कठिन घडीमा मानवीय साथ ठूलो हुने महसुस गर्दै समूहले तीजका लागि छुट्याएको रकम पीडितको सहयोगमा खर्च गर्ने निर्णय गरेको हो । आफ्नो खुसीलाई केही समय थाती राखेर पीडितको दुःखमा हातेमालो गर्ने उनीहरूको निर्णयले सामाजिक उत्तरदायित्वको सुन्दर उदाहरण प्रस्तुत गरेको छ।

समूहकी सदस्य कृष्णकुमारी गुरुङले विपद्को समयमा पीडितको साथमा उभिन पाउनु नै आफूहरूका लागि सबैभन्दा ठूलो खुसी भएको बताइन् ।

# नागरिकको ...

नेपालले अन्तरराष्ट्रिय मञ्चमा याचना गर्नेभन्दा तथ्य र प्रमाणसहित जलवायु न्यायको पक्षमा सशक्त एवं स्वाभिमानी कूटनीतिक पहल अघि बढाउनुपर्नेमा जोड दिनुभयो।

विपत्तिबाट पाठ सिक्दै दीर्घकालीन कानुनी, वित्तीय तथा पूर्वतयारीको संरचना निर्माण गर्नुपर्नेमा उहाँको जोड थियो । प्रतिनिधिसभाको आजको बैठकमा सभापति लामिछानेले 'हामीसँग एउटै विकल्प छ-आँसु पुछेर फेरि उभिनु' भन्नुहुँदै बाढीमा ज्यान गुमाएका तथा प्रभावित नागरिकको पीडालाई राष्ट्रिय शक्ति र उनीहरूको बलिदानलाई राष्ट्रिय सङ्कल्पमा बदल्नुपर्ने बताउनुभयो । यही भदौ १० गतेको बाढीपश्चात् सत्तारुढ दल रास्वपाका सभापति लामिछानेले संसद्मा समय लिएर प्राकृतिक विपत्तिको सामनाका लागि पहिलोपटक सम्बोधन गर्नुभएको थियो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ। - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# विध्वंस भुल्न नदिऔं

गतवर्ष भदौ २४ गतेको विध्वंसात्मक घटनाका बारेमा सामाजिक संजालले अवस्था कस्तो भयावह थियो भन्ने संझाइदिएको छ। भदौ २३ गतेको आन्दोलन हाइज्याक पछि संसद भवन जलाउन जाँदा गोली लागेर १७ जना बानेश्वरमा ढले।सय भन्दा बढी घाइते भए। त्यो घटना राज्यले गरेको दमनको आक्रोशका साथै व्यवस्थाप्रति लक्षित आक्रमण र सुनियोजित विध्वंस दुवै भएको बुझ्न सकिन्छ। सामाजिक सञ्जाल बन्द गरेको विरोधमा भएको प्रदर्शन र अघिल्लो दिनको आक्रोश त छँदै थियो। तर, जसरी त्यो घटना अघि बढ्यो - सरकारी निकाय माथिको आक्रमण व्यवस्थाप्रति नै लक्षित थियो।लोकतान्त्रिक गणतन्त्र मन नपराउने देखि देशका ऐतिहासिक सम्पदा सखाप पार्ने षड्यन्त्र थियो भन्ने प्रष्ट भएको छ। अघिल्लो दिनको हत्याले निम्याएको आक्रोशको मात्रा कति थियो भन्ने एउटा पक्ष भयो। त्यसको वरिपरि नै यो घटना रचिएको हो।योजनाबद्ध रूपमा घटना विस्तार भयो।" एक दलका कार्यकर्ताले अर्को दलको नेताको घर र कार्यालयमा आक्रमण गरेको देखिनु पनि गम्भीर प्रश्न भएको छ। यो गम्भीर प्रश्न हो। यसले कार्यकर्ताको राजनीतिक चिन्तन र लोकतान्त्रिक धरातल कति कमजोर र फितलो छ भन्ने पनि देखाएको छ। दलहरूबीच घटनापूर्व र घटनापछिको यो आन्तरिक पाटोबारे पनि पर्याप्त विश्लेषण हुनुपर्ने हो।

२४ गतेको घटनामा आफ्ना निजी र पार्टीका सम्पत्तिमा क्षति हुँदाहुदै त्यो घटनाबाट केही नभएको जस्तो गरी प्रस्तुत गर्नु देशमा अझै खतरा छ भन्ने संकेत पनि हो। विध्वंसकारीले डिजिटल नक्शा र एप्स प्रयोग गरेर छानीछानी संरचनामा आक्रमण गर्नु नियोजित थियो भन्ने अहिले खुल्दैछ। "कुन क्षणलाई कसरी प्रयोग गर्ने भन्ने तयारी धेरै अघिदेखिको हुन सक्छ, त्यसबारे पनि अनुसन्धान हुन जरुरी छ।भदौ २४ को विध्वंसको निष्पक्ष छानबिन आयोग बनाउनुपर्ने आवश्यकता धेरैले महसुस गरेका छन्। भदौ २४ गतेको विध्वंस केही नयाँ दलको कार्यकर्तासहित विभिन्न समूह विभिन्न ठाउँमा बसेर भोलिको आक्रमण कसरी गर्ने?" भनी अपराधिक मानसिकताले बनाइएको योजना थियो। यो खतरनाक विषय भएको विश्लेषकका विश्लेषण छ। निषेध गर्ने, अगाडी बढ्न नदिने र प्रतिशोध साँध्ने खालको राजनीतिमा भयको आडमा नयाँ उचाइ दिने पात्र थपिएका छन्।

राज्यले आफ्नो र सरकारी सम्पत्तिको रक्षा गर्न सक्दैन भने नेपाली जनताको कसरी रक्षा गर्छ भन्ने गम्भीर प्रश्न खडा भएको छ। सूचना र प्रविधिको जमानामा ती माध्यमबाट मानिसहरू कसरी गलत बाटोतर्फ एकजुट हुँदैछन् भन्ने उदाहरण गत वर्षको भदौ २४ को विध्वंसले प्रस्तुत गरेको छ। "वितृस्णा र घृणाको मनस्थिति गलत ढंगले प्रस्तुत भइरहेको छ भन्ने देखिएको छ। नेपाली समाज पूर्ण विकसित भइसकेको छैन। तर विकास अपेक्षा तीव्रतर बढेको अवस्था छ। देश-विदेशका कुरा देख्ने, सिक्ने र आफ्नो समाजमा पनि होस् भन्ने चाहना धेरैमा भयो,। जुन राज्यले पूरा गर्न सकेन। त्यस्तो अवस्था हुँदा मानिस वितृष्णामा पुग्ने र समाजमा उत्तेजना फैलिन सजिलो हुने गत वर्षको विध्वंसमा संलग्नको तस्बिरले देखाउँछ। "जेन-जी पुस्ता मोबाइलसँगै हुर्किएको पुस्ता हो,। यो पुस्ता सामाजिक सञ्जालबाट टाढा बस्न सक्दैन,। उनीहरूले सामाजिक सञ्जालमै आशा पनि देख्छन्, त्यो आशा पूरा नहुँदा निराश बन्छन्, त्यो निराशाले उत्तेजित बनाउँछ,। जसले गत भदौ २३ र २४ गते युवाहरूलाई हिंसामै उतार्‍यो।देश दशक पछाडि धकेलिएको छ। दण्डहीनता मौलाएको छ। यसको निष्पक्ष छानबिन गरेर कार्वाही नगरेसम्म फेरि अर्को दुर्दशा व्यहोर्नुपर्नेछ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : शुभ यात्रा | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# चारपटक म्याद थप्दा पनि बनेन जैमिनीको प्रशासकीय भवन

**पोखरापत्र संवाददाता**
बागलुङ, २४ भदौं

निर्माण व्यवसायीले तोकिएको समयमा काम गरेको भए बागलुङको जैमिनी नगरपालिका प्रशासकीय भवन निर्माण पहिल्यै सकिन्थ्यो। चार पटक म्याद थप गर्दासमेत नगरपालिकाको भवन कहिले पूरा हुने हो कुनै टुङ्गो छैन। तीन वर्षमा सक्नुपर्ने भवन पाँच वर्ष बित्दा पनि पूरा नहुने अवस्थामा पुगेपछि जनप्रतिनिधि आफैं असन्तुष्ट भएका छन्।

ढिलासुस्तीका कारण नगरपालिका भाडाको घरमा बस्दै आएको छ। जैमिनी नगरपालिका-१ कुश्मीसेरामा निर्माणाधीन नगरपालिकाको प्रशासकीय भवन निर्माणमा चरम ढिलाइ भएको छ। नगरपालिकाले बाध्य भएर निर्माण व्यवसायीको म्याद थप्दै आएको छ। निर्माण कम्पनी रविना-प्राकृतिक-जुगल जेभीले तोकिएको समयभित्र काम सम्पन्न गर्न नसकेपछि भवन निर्माणको म्याद चौथोपटक थपिएको छ। तेस्रोपटक थपिएको म्याद सकिएपछि नगरपालिकाले थप चार महिनाको समय दिएको हो। जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माका अनुसार गत असार १५ गते तेस्रोपटक थपिएको म्याद सकिएपछि कार्यपालिकाको बैठकले २०८३ कात्तिक १५ गतेसम्म भवन निर्माण सम्पन्न गर्ने गरी चौथोपटक म्याद थप गरेको बताउनुभयो।

"हामीले ताकेता गर्दा पनि भवन सकिने अवस्थामा छैन। यही अवस्थामा चौथोपटक थप गरिएको समयमा पनि पूरा हुने अवस्था छैन। ठूलो भवनमा चार/पाँच जनाले काम गर्दा परिणाम आउँदैन," शर्माले भन्नुभयो। नगरपालिकाले वार्षिक रूपमा रु २० लाख रकम भाडामा खर्च गर्दै आएको छ। विसं २०७८ फागुन २० गते तत्कालीन संस्थापक नगरप्रमुख इन्द्रराज पौडेलले शिलान्यास गरेको भवन तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको थियो। सम्झौताअनुसार २०८१ पुस १६ गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने थियो। भवनको हाल भौतिक प्रगति ७२ प्रतिशत बराबर पुगेको छ। भवनको मुख्य संरचना निर्माण सम्पन्न भए पनि पर्खाल, झ्याल-ढोका, लिफ्ट, विद्युत्, खानेपानी, रङरोगन तथा पर्खाल तथा सजावटका काम बाँकी छ।

भवन निर्माणका लागि निर्माण कम्पनीसँग रु आठ करोड १७ लाख ६५ हजारमा सम्झौता भएको थियो। स्थानीयले निःशुल्क उपलब्ध गराएको आठ रोपनी जग्गामा निर्माण भइरहेको भवन चारतले र ४२ कोठाको हुनेछ।

# म्याग्दी नदीमाथि झोलुङ्गे पुल निर्माण: बाँसबोटका किसानलाई केरा बिक्री गर्न सहज

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ भदौं

म्याग्दीको धवलागिरि गाउँपालिका-७ काउसीबोट र वडा नं ४ को बाँसबोट जोड्ने झोलुङ्गे पुल निर्माण भएको छ।

सङ्घीय सरकारको ससपेन्सन ब्रिज डिभिजन काठमाडौंले म्याग्दी नदीमाथि ३०३ मिटर लामो झोलुङ्गे पुल निर्माण गरेको हो। धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले उक्त पुलबाट हिलापोखरी, बाँसबोट, खोरबाङ, सोलवाङ, खारा, खाम्ला, छहरी, खिवाङ, शिवाङ, ताकम, काफलडाडाका बासिन्दा लाभान्वित भएका जानकारी दिनुभयो। उहाँका अनुसार बाँसबोटका किसानले उत्पादन गरेको केरा बजारीकरणमा सहज भएको छ। पुल निर्माणका लागि २०८२ साल असारमा रामकृष्ण-सोमरस जेभी र डिभिजनबीच रु एक करोड ६४ लाख १५ हजार २५४ मा ठेक्का सम्झौता भएको थियो। यसै महिनामा पुल निर्माण सकिएपछि आवतजावतका लागि खुला गरिएको छ।

अठार महिनाको ठेक्का अवधि रहेको थियो। निर्धारित समयभित्रै पुल सम्पन्न भएको निर्माण कम्पनीका प्रतिनिधि प्रविन सापकोटाले बताउनुभयो। धवलागिरि गाउँपालिका-७ का राजकुमार कोइरालाले पुलले आवतजावतका लागि यात्राअवधि छोटिनुका साथै पर्यटकीयस्थलका रूपमा विकास हुने अपेक्षा गरिएको बताउनुभयो। एक घण्टाको यात्राअवधि पाँच मिनेटमा छोटिएको उहाँले बताउनुभयो। धवलागिरि गाउँपालिकामा यसअघि गत वर्ष दुई वटा तीन सय मिटर भन्दा लामा झोलुङ्गे पुल निर्माण भएको थियो। धवलागिरी गाउँपालिका-६ घाइरीबोट र खाउरीबाङ जोड्ने मराङखोलामा तीन सय ६५ मिटर र वडा नं.-३ फलियागाँउ र दर जोड्ने दरखोला माथी तीन सय ६६ मिटर लामो झोलुङ्गे पुल निर्माण भएको थियो। यो सहित हाल म्याग्दीमा तीन सय मिटर भन्दा लामा झोलुङ्गे पुलको संख्या सात वटा पुगेको छ। रघुगंगा गाउँपालिका-१ बेग र बादुक जोड्ने बेगखोलामा ३६५.८० मिटर, मालिका गाउँपालिका-७ बिमवाङ र धवलागिरि गाउँपालिका-६ रिख जोड्ने ३५० मिटर, बेनी नगरपालिका-१ रत्नेचौर र बागलुङ नगरपालिका-४ कुडुले जोड्ने ३८८ मिटर र अन्नपूर्ण गाउँपालिका-५ शिख र किन्दु जोड्ने ३४४ मिटर लामो पुल निर्माण भइसकेका छन्।

# आँटिघर पैँगीलामा चेलीबेटीद्वारा बाढीपीडितलाई १ लाख ८५ हजार सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भदौं

पोखरा महानगरपालिका वडा नं २० आँटिघरमा जन्म भइ हाल पोखरामा बसोबास गर्ने आटिघर पैंगीलामा चेलीबेटी परिवारले भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारका लागि १ लाख ८४ हजार ८ सय ६० रुपैयाँ सहयोग गरेको छ।

परिवारले उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको संस्थाकी अध्यक्ष शान्ता गुरुङले जानकारी दिइन्। उनका अनुसार संस्थाको कोषबाट ५५ हजार ५ सय ५५ रुपैयाँ तथा विभिन्न सदस्यहरुबाट संकलित १ लाख २९ हजार ३ सय ५ रुपैयाँ गरी उक्त रकम सहयोग गरिएको हो। "हामी हरेक वर्ष तीज पर्व मनाउँदै आएका थियौँ। तर यसपटक देशमा आएको विपद्का कारण तीज पर्वका लागि सङ्कलन गरिएको रकमलाई उत्सवमा खर्च नगरी विपद् प्रभावितहरूको राहत तथा सहयोगका लागि प्रदान गर्ने निर्णय गरेका हौँ," संस्थाकी सचिव बुद्ध गुरुङले भनिन्।

राष्ट्रिय विपद्को कठिन समयमा बाढी प्रभावित परिवारप्रति सहानुभूति स्वरुप सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग रकम प्रदान गरिएको सचिव गुरुङले उल्लेख गरिन्।

भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित क्षेत्रमा राहत तथा पुनःस्थापनाका लागि विभिन्न व्यवसायिक संस्था, सामाजिक संघसंस्था तथा सर्वसाधारणबाट सहयोग जुट्ने क्रम जारी छ।

सामूहिक रूपमा जुटाइएको सहयोगले प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउनुका साथै पुनःस्थापनाको प्रक्रियामा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# उर्जा तामाङ किसानका विश्वास पात्र

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २४ भदौं

धादिङका उर्जा तामाङ मुस्ताङका किसानको विश्वासिला पात्र हुन्।

पचासको दशकदेखि हालसम्म निरन्तर उहाँ स्याउको व्यापारमा आबद्ध छन्। किसानलाई हाताहाती कारोबार गरेकाले उहाँलाई विश्वासको पात्र मानिन्छ। उहाँले किसानलाई स्याउ व्यापार गर्दा कहिल्यै पनि उधारो राख्नुभएन। त्यसैले किसानका लागि तामाङ विश्वासिला पात्र हुन्। स्याउको व्यापारका लागि जिल्लाभित्र र जिल्ला बाहिरका व्यापारीको समूह यतिबेला मुस्ताङको स्याउ बगानमा स्याउ टिप्न जुटेका छन्। स्याउको व्यापार गर्दै आइरहेका धादिङका उर्जा तामाङ पनि आफ्ना गाउँका केही सहयोगीसहित स्याउ टिप्न व्यस्त छन्।

तामाङले स्याउको व्यापार गर्दा अहिलेको जस्तो यातायातको सुविधा थिएन। त्यसबेला स्याउ सङ्कलन गरी घोडा खचच्चडमा बोकाएर बजार पुर्‍याउने गरिन्थ्यो।


उहाँले पहिलोपटक रु छ केजीमा किसानसँग स्याउ खरीद गरी बजारमा बिक्री गर्नुहुन्थ्यो। "सानै उमेरदेखि लामो समयसम्म मुस्ताङमा स्याउको ब्यापारमा लागियो, स्याउ पाक्ने सिजनमा मुस्ताङ धाउने बानीनै परिसक्यो," ब्यापारी तामाङले भन्नुभयो, "आफूले जानेको र बुझेको पेसा यही स्याउको ब्यापार हो, यसैले यो पेसाबाट अलग हुनै सकिन।"

तामाङले मुस्ताङबाट बर्सेनि करोड मूल्य बराबरको स्याउ बजार पुर्‍याउने गर्नुभएको छ। यस वर्ष रसुवाको बाढीले धनजनको क्षति पुगेकाले मानिस दुःखमा छन्। उहाँले स्याउको खपत कम हुने अनुमान गर्नुभएको छ।

स्याउको व्यापार गर्दा नाफा भए पनि घाटा भए पनि किसानलाई जसरी पनि पैसा दिनुपर्ने उहाँ बताउनुहुन्छ। मुस्ताङमा लगातार ३० वर्ष इमान्दारपूर्वक स्याउको ब्यापार गरेकाले मुस्ताङका किसानले आफूलाई विश्वास गर्ने गरेको तामाङको भनाइ छ।

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
लमजुङ

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा साविक हाल मर्स्याङ्दी गाउँपालिका वडा नं. ०३ निवासी भारतीय भू.पू. सैनिक नं. ५३३४९९९ ३/४ जि.आर. का राईफलमने सिंग बहादुर गुरुङको पत्नी मिश्रीमाया तमाङ गुरुङले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. ४७०५) मा नामथर मिश्रीमाया तमाङ गुरुङ र जन्ममिति वि.सं. १९९८/०५/०५ (ई.सं. १९४१-०८-२१) उल्लेख भएको र भारतीय सैनिक अभिलेखमा निजको नामथर मिश्री र जन्ममिति वि.स. १९९९/०३/१७ (ई.स. १९४२-०७-०१) उल्लेख भई नामथर र जन्ममिति फरक परेता पनि उल्लेखित फरक नामथर जन्ममिति गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको मर्स्याङ्दी गाउँपालिका ०३ नं. वडा कार्यालयको च.नं. ३७०, मिति २०८३/०५/१५ को सिफारिस बमोजिम सोहि बेहोरा भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ।

**प्रमुख जिल्ला अधिकारी**

## कम्पनी खारेजी सम्बन्धमा जारी गरिएको सूचना

प्रकाशित मितिः २०८३/०५/२५

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७९-०५-२३ मा दर्ता भएको प्रा.लि. द. नं. २९८६१२ को इभोलुसन कन्जुमर सिमन प्रा.लि. कम्पनीको मिति २०८३/०५/२१ मा सम्पन्न भएको बिशेष सभाले कम्पनी ऐन,२०६३ को दफा २ (ग) बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रस्ताब पारित गर्ने निर्णय गरेकोले यस कम्पनीसंग कोहि कसैको कुनै किसिमको लेनदेन बाकी बक्यौता भएमा तथ्य युक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हक दाबी गर्ने सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा हक दाबी लाग्ने छैन। कानून बमोजिम भई जाने व्यहोरा सुचित गरिन्छ।

**दामासायी व्यवसायी, लिक्विडेटरको कार्यालयः**
**मणिराम नेपाल**
इजाजत नं. ५४२ सम्पर्कः ९८४७०६१५५४

## बोलपत्रद्वारा वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२५**

**यस गैरी भन्ज्याङ काफल डाँडा सामुदायिक वनवाट उत्पादन भई पोखरा-३३, डाँडागाउँ घाटगद्दीमा एउटा मात्र लट बनाई राखिएको साल प्रजातिको ३२६.८५ क्यू फिट काठ र २०'x५'x५' साईजको दाउरा २.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको मितिले २१ दिनभित्र डिभिजन वन कार्यालयमा सूचिकृत इच्छुक काष्ठ व्यवसायी संघ संस्था, फर्म वा कम्पनी (भ्याटमा दर्ता रहेको) लाई सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कायालयको सूचना पाटीमा टाँस गरिएको छ।**

**केशव राज आचार्य**
**अध्यक्ष**
**गैरी भञ्ज्याङ काफल डाँडा सामुदायिक वन उपभोक्ता समूह**
**पोखरा महानगरपालिका वडा नं. ३३, डाँडागाउँ, कास्की**

# आधुनिकताका बीचमा नेपाली मौलिक 'घुमाउने घर' हराउँदै

जनक श्रेष्ठ
लमजुङ, २४ भदौं/रासस



केही दशकअघिसम्म लमजुङका ग्रामीण बस्तीमा पुग्दा ढुङ्गा, माटो, काठ र खरले बनेका घुमाउने घरले गाउँको मौलिकता झल्काउँथे। प्रत्येक गाउँमा देखिने त्यस्ता परम्परागत घर अहिले कहाँ छ भनी खोज्नुपर्ने अवस्था छ। आधुनिकताको आकर्षणसँगै देशकै पहिचान त्यस्ता पुराना घुमाउने घर भत्काइँदैछ। त्यस्ता घर अहिले जिल्लामै औँलामा गन्न सकिनेछ। क्व्होलासोथार गाउँपालिका-४भुजुङकावडाध्यक्ष नारायण गुरुङका अनुसार केही वर्षअघिसम्म गाउँमा घुमाउने शैलीका धेरै घर थिए। अहिले भने त्यस्ता मौलिक घर एउटामात्र बाँकी छ। करिब छ वर्षअघि स्थानीय संस्कृति र परम्परा चिनाउने उद्देश्यले अर्को घुमाउने घरलाई सङ्ग्रहालयका रूपमा रुपान्तरण गरिएको छ। त्यस सङ्ग्रहालयमा पुग्ने पर्यटकले परम्परागत घरको अवलोकन गर्ने, तस्बिर खिच्ने र गाउँको मौलिकता नियाल्ने गर्दै आएका छन्।

"पहिले टोलैपिच्छेजस्तो घुमाउने घर हुन्थ्यो, अहिले एउटामात्र बाँकी छ", वडाध्यक्ष गुरुङले भन्नुभयो। विद्युत् र आधुनिक प्रविधिको पहुँच नहुँदा घुमाउने घर गाउँलेका लागि केवल बस्ने ठाउँ थिएन, मौसमअनुकूल जीवनको भरपर्दो आधारसमेत थियो। जाडोमा न्यानो हुने, भित्र कोठा छुट्याएर प्रयोग गर्न सकिने र बलियो हुने भएकाले यस्ता घर पुस्तौँसम्म टिक्थे। सानो आकार र एकतले संरचनाका यस्ता घरमा स्थानीय स्रोतसाधनकै प्रयोग हुन्थ्यो। ढुङ्गा, माटो र काठको संरचनामाथि खरको छानाले गाउँको प्राकृतिक परिवेशसँगै मौलिक वास्तुकलाको परिचय दिन्थ्यो। भुजुङमा बाँकी रहेको पुरानो घुमाउने घर करिब एक सय वर्षभन्दा पुरानो मानिन्छ।

वडाध्यक्ष गुरुङका अनुसार उक्त घर तत्कालीन जिम्माल तथा प्रधानपञ्च लालपट्टी गुरुङको हो। उहाँको परिवार अहिले त्यहाँ बस्दैन। तर घर अझै प्रयोगमा छ। समयसँगै पुस्ता फेरिए पनि घरले गाउँको पुरानो जीवनशैली र निर्माण सीपको सम्झना बोकेको छ। सुन्दरबजार नगरपालिका-११ तुर्लुङकोटमा पनि घुमाउने घरको अवस्था उस्तै छ।

स्थानीयका अनुसार केही वर्षअघिसम्म त्यहाँ १०-११ वटाभन्दा बढी घुमाउने घर थिए। अहिले भने दुईदेखि चार वटासम्म मात्र बाँकी छन्। पुराना घर भत्काएर आधुनिक पक्की घर निर्माण गर्ने क्रम बढेसँगै परम्परागत घरको सङ्ख्या घट्दै गएको हो। राइनास नगरपालिका-९ राइनासकोटमा भने हराउँदै गएको परम्परालाई जोगाउने प्रयास गरिएको छ। स्थानीय संस्कृति र परम्पराको संरक्षण तथा नयाँ पुस्तालाई मौलिक घरबारे चिनाउने उद्देश्यले केही वर्षअघि परम्परागत शैलीको घुमाउने घर निर्माण गरिएको छ।

स्थानीय तथा राइनास होमस्टे व्यवस्थापन समितिका अध्यक्ष बालसिंह गुरुङका अनुसार विगतमा राइनासकोटमा पाँचवटासम्म घुमाउने घर थिए। अहिले एउटामात्र बाँकी छ। हराउँदै गएको परम्परालाई जोगाउने उद्देश्यले उक्त घरलाई संरक्षण गरेर राखिएको उहाँले बताउनुभयो। "बाँकी रहेको एउटा घुमाउने घर संरक्षण गरेर राखेका छौँ। होमस्टेमा आउने पर्यटक त्यहाँ पुगेर घर हेर्ने, तस्बिर तथा भिडियो खिच्ने र घुमाउने घर यस्तो रहेछ भनी विशेषताबारे जानकारी लिने गर्छन्", अध्यक्ष गुरुङले भन्नुभयो। संरक्षण गरिएको घुमाउने घर स्थानीयका लागि पुरानो संरचना जोगाउने माध्यममात्र नभई होमस्टेमा आउने पर्यटक आकर्षित गर्ने स्रोत बनेको छ। हराउँदै गएको परम्परागत वास्तुकलालाई पर्यटनसँग जोडेर जीवित राख्न सकिने सम्भावना यस्ता संरचनाले देखाएको छ। मर्स्याङ्दी गाउँपालिका-३ ढक्कै स्थानीय पूर्णबहादुर गुरुङले पुराना घुमाउने घर भत्काएर आधुनिक घर निर्माण गर्ने क्रम बढेपछि मौलिक संरचना हराउँदै गएको प्रतिक्रिया दिनुभयो।

उहाँका अनुसार भविष्यमा पुरानै शैलीको घुमाउने घर निर्माण गर्न कठिन हुनसक्छ। तथापि गाउँको मौलिक स्वरूप जोगाउने अर्को बाटो खोज्न सकिन्छ। "भविष्यमा पुरानै शैलीको घुमाउने घर बनाउन सम्भव नहोला, तर गाउँघरको टिपिकल स्वरूप झल्किने घर सिमेन्टलगायत आधुनिक सामग्री प्रयोग गरेर भए पनि निर्माण गर्ने सोच छ", उहाँले भन्नुभयो। एक दशकअघिसम्म जिल्लाका ग्रामीण बस्तीमा सयौँको सङ्ख्यामा विशेषगरी खरले छाएका पुराना घुमाउने घर अहिले औँलामा गन्न सकिने अवस्थामा पुगेपछि स्थानीय बुढापाका चिन्तित हुनुहुन्छ। उहाँहरूका अनुसार अहिले घुमाउने घर दुर्लभ बन्दै गएका छन्। घुमाउने घर हराउनु भनेको एउटा पुरानो भवनमात्र नभई यससँगै स्थानीय सीप, वास्तु परम्परा, जीवनशैली र मौलिक पहिचान पनि लोप हुँदै जानु हो। नेपाली मौलिक पहिचान झल्कने यस्ता बाँकी घरको अभिलेखीकरण, संरक्षण र पुनर्निर्माणसँगै नयाँ पुस्तालाई महत्व बुझाउन आवश्यक रहेको स्थानीयको भनाइ छ। पर्यटनसँग जोडेर यस्ता सम्पदालाई जीवित राख्ने प्रयासले मात्र परम्परा र आधुनिकतालाई जोडेर लैजान सकिने छ।

# माटोमा अम्लीयपन बढ्दै, उत्पादन घट्ने जोखिम

पोखरापत्र संवाददाता
बागलुङ, २४ भदौं

बागलुङका उत्पादनयोग्य माटोमा अम्लीयपन बढ्दै गएको पाइएको छ।

कृषि विकास कार्यालय, बागलुङले परीक्षण गरेका ३२० माटोका नमूनामध्ये अधिकांशमा अम्लीयपना देखिएको हो।

माटोमा नाइट्रोजन तथा फस्फोरसको मात्रा न्यून वा मध्यम रहेको छ। परीक्षण गरिएका नमूनामध्ये २०५ वटामा नाइट्रोजनको मात्रा न्यून, १११ वटामा मध्यम र चार वटामा उच्च रहेको छ। त्यस्तै, फस्फोरस ११ वटामा न्यून, ३०३ वटामा मध्यम र छ वटामा उच्च रहेको कृषि विकास कार्यालयका प्रमुख कुमार पुनले जानकारी दिनुभयो।

पोटासियमतर्फ ८० नमूनामा मात्रा न्यून, २१७ वटामा मध्यम र २३ वटामा उच्च रहेको उहाँले बताउनुभयो। माटोको अम्लीयपन (पीएच) परीक्षण गर्दा ६२ प्रतिशत माटो अम्लीय, ३७ प्रतिशत तटस्थ र एक प्रतिशत क्षारीय रहेको पाइएको छ।

माटोको अम्लीयपन बढ्दै गएकाले कृषि उत्पादन वृद्धि गर्न माटोको अवस्था पहिचान गरी आवश्यकताअनुसार चुन तथा पोषक तत्वको प्रयोग गर्नुपर्ने देखिएको छ। कृषि विकास कार्यालयले जैमिनी नगरपालिका-२, काठेखोला गाउँपालिका-९ र बागलुङ नगरपालिका-८ मा माटो परीक्षण शिविर सञ्चालन गरेको थियो। कृषि विकास कार्यालयका प्रमुख कुमार पुनका अनुसार असन्तुलित मल प्रयोगका कारण माटो बिग्रिँदै गएको छ। पछिल्लो समय प्राङ्गारिक मलको प्रयोग घटेकाले माटोमा अम्लीयपन बढेको उहाँको भनाइ छ। माटोमा बढेको अम्लीयपन र क्षारीयपनलाई तटस्थ बनाउन प्राङ्गारिक तथा हरियो मलको प्रयोग र कोसेबाली लगाउन आवश्यक रहेको उहाँले बताउनुभयो। युरिया मलको बढ्दो प्रयोगले माटोको अवस्था बिगार्न सक्ने भएकाले नाइट्रोजन, फस्फोरस र पोटासियमयुक्त मल सन्तुलित रूपमा प्रयोग गर्नुपर्ने प्राविधिकको भनाइ छ। माटोमा अम्लीयपन बढ्दा उर्वराशक्तिमा ह्रास आउने परीक्षणबाट देखिएको छ। माटो परीक्षणमा पीएच एकदेखि १४ सम्म हुने र सातलाई तटस्थ मानिने कृषि प्राविधिकले बताएका छन्। पीएच सातभन्दा कम भए अम्लीय र त्यसभन्दा बढी भए क्षारीय मानिन्छ। धानखेतीका लागि करिब छ पीएचसम्मको माटो उपयुक्त मानिन्छ। किसानले बालीमा जथाभावी रासायनिक मल तथा विषादी प्रयोग गर्दा माटोमा अम्लीयपन बढेको कृषि प्राविधिकको भनाइ छ।


## रतन पाण्डे बचत तथा ऋण सहकारी संस्था लि.

पोखरा १३, कास्की, फोन०६१-५७०५४१

## लेखापरीक्षकको आवेदन सम्बन्धमा

प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२५ गते

यस **रतन पाण्डे बचत तथा ऋण सहकारी संस्था लि.** को आ.व २०८३/०८४ को लेखापरीक्षण गर्नका लागि नेपाल सरकारको प्रचलित सहकारी ऐन, नियमावली तथा सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका बमोजिम योग्यता पुगेका इजाजत प्राप्त तथा सूचीकृत रजिष्टर्ड अडिटरहरुबाट देहायका सर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र संस्थाको कार्यालय वा इमेल ठेगाना ratan60pandey@gmail.com मा आवेदन पेश गर्न आव्हान गरिन्छ।

**आवश्यक न्यूनतम योग्यता तथा कागजातहरु**

१. लेखापरीक्षण गर्न पाउने सम्बन्धित इजाजतपत्र र सो को नवीकरण पत्र।
२. प्यान तथा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. अध्यावधिक कर चुत्ता प्रमाणपत्र।
४. फर्म कम्पनीको प्रोफाइल।
५. सहकारी ऐनको दफा ७७ बमोजिम स्वार्थ नबाझिएको स्वघोषणा पत्र।
६. प्रस्तावित पारिश्रमिक तथा सेवाको प्रस्ताव।



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



बागलुङ नगरपालिका वडा नं. १० साविक भकुण्डे गा.वि.स. वडा नं. २ निवासी भारतिय भू.पू.सै.नं. ९४१७८२०K पल्टन २/११ गोर्खा राईफलका हवल्दार बिमल प्रकाश प्रधानको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा जन्म मिति वि.सं. २०१४/०३/१८ (01st July, 1957 A.D.) भएको साथै भारतिय पेन्सन सम्बन्धि कागजातहरुमा जन्म मिति वि.सं. २०२१/०३/१८ (01st July, 1964 A.D.) भई जन्म मिति फरक फरक भएता पनि उल्लेखित दुई जन्म मिति भएको व्यक्ति एउटै भएको भनी बागलुङ नगरपालिका, १० नं. वडा कार्यालयको चलानी नं. २१५, मिति २०८३/०५/१५ को पत्रबाट लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

प्रमुख जिल्ला अधिकारी



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. १० साविक भकुण्डे गा.वि.स. वडा नं. २ निवासी भारतिय भू.पू.सै.नं. ५३४२०८१ A पल्टन २/४ गोर्खा राईफलका नायक बल बहादुर थापाको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नाम थर कौशिला थापा मगर (Kaushila Thapa Magar), जन्म मिति वि.सं. २०१४/०९/१० (24th December, 1957 A.D.) भएको साथै भारतिय पेन्सन सम्बन्धि कागजातहरुमा नाम थर कौशिला थापा (Kaushila Thapa), जन्म मिति 15th September, 1958 A.D. (वि.सं. २०१५/०५/३०) भई श्रीमतीको नाम थर र जन्म मिति फरक फरक भएता पनि उल्लेखित दुई नाम थर र जन्म मिति भएको व्यक्ति एउटै भएको भनी बागलुङ नगरपालिका, १० नं. वडा कार्यालयको चलानी नं. १९६, मिति २०८३/०५/१५ को पत्रबाट लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

प्रमुख जिल्ला अधिकारी


# एक हजार ८९५ घरमा विद्युत् विस्तार

पोखरापत्र संवाददाता
दमौली, २४ भदौं

नेपाल विद्युत् प्राधिकरण तनहुँ वितरण केन्द्रले आर्थिक वर्ष २०८२/८३ मा जिल्लाका विभिन्न क्षेत्रमा एक हजार ८९५ घरधुरीमा विद्युत् सेवा विस्तार गरेको छ।

वितरण केन्द्रका इन्जिनियर डिलबहादुर आलेका अनुसार विद्युत् पहुँच विस्तारलाई प्राथमिकता दिँदै जिल्लाका विद्युत् सुविधा नपुगेका तथा नयाँ बस्तीमा विद्युत् लाइन विस्तार गरिएको हो। नयाँ घरधुरीमा विद्युत् सेवा विस्तारसँगै वितरण केन्द्रअन्तर्गत विद्युत् ग्राहकको सङ्ख्या ८२ हजार २४९ पुगेको छ। दमौली कार्यालयअन्तर्गत २८ हजार ८२९, खैरेनीटार उपवितरण केन्द्रअन्तर्गत २७ हजार ४१७, डुम्रे शाखाअन्तर्गत १२ हजार १५६, आँबुखैरेनी शाखाअन्तर्गत पाँच हजार ९२०, थर्पु नोलाइटअन्तर्गत दुई हजार ६१५ र दुईपिप्ले नोलाइटअन्तर्गत पाँच हजार ३१२ ग्राहक रहेका छन्।

तनहुँ वितरण केन्द्रले तनहुँ जिल्लाका १० वटै स्थानीय तहलाई आफ्नो कार्यक्षेत्रमा समेटेको छ। त्यसैगरी कास्की जिल्लाको रुपा गाउँपालिका-३ र ४ का केही भाग, लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिका-१, २, ३, ४ र ५ तथा नवलपुर जिल्लाका बौदीकाली र बुलिङटार गाउँपालिकाका केही भागमा यस वितरण केन्द्रमार्फत विद्युत् सेवा प्रवाह हुँदै आएको इन्जिनियर आलेले बताउनुभयो।

विद्युत् पहुँच विस्तारसँगै ग्रामीण तथा दुर्गम क्षेत्रमा रहेका घरधुरीलाई राष्ट्रिय प्रसारण प्रणालीमा जोड्ने कामलाई निरन्तरता दिइएको वितरण केन्द्रले जनाएको छ। विद्युत् सेवा विस्तारले घरायसी प्रयोगसँगै कृषि, व्यवसाय तथा स्थानीय उत्पादनमूलक गतिविधिमा समेत सहजता पुग्ने अपेक्षा गरिएको छ। केन्द्रले आर्थिक वर्ष २०८२/८३ मा ८७ करोड ७६ लाख १३ हजार ७८७ युनिट विद्युत बिक्री गरेको छ। उक्त युनिट विद्युत् बिक्रीबाट रु एक अर्ब एक करोड ११ लाख १२ हजार १२६ सङ्कलन भएको इन्जिनियर आलेले बताउनुभयो।

वितरण केन्द्र अन्तर्गत छ वटा शवस्टेशन, ३० वटा ११ केभी फिडर, १०७ किलोमिटर ३३ केभी लाइन, ९३९ किलोमिटर ११ केभी लाइन, ४३२८ किलोमिटर ०.४/०.२३ केभी वितरण लाइन, ६७३ वटा ट्रान्सफर्मर रहेका छन्। केन्द्रले ११/०.४ केभीका लाइनहरूको विस्तार, मर्मत, सम्भार, सुदृढीकरण तथा अपग्रेडिङ, ११/०.४ केभीका आवश्यकताअनुसारकाविभिन्न क्षमताका लोड सेन्टर थप, ग्राहकलाई भरपर्दो, गुणस्तरीय र विश्वसनीय विद्युत आपूर्ति, नयाँ मिटर जडान तथा मिटर सिकायतसम्बन्धी कार्य गर्दै आएको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना

जन्मः
१९९० मंसिर १९ गते




स्वर्गारोहणः
२०८३ भाद्र १६ गते

पुख्यौली थलो काठेखोला गाउँपालिका वडा नं. २ भिमा पोखरा, बागलुङ घर भई हाल पोखरा महानगरपालिका-१० रक्षा मार्ग निवासी यस समाजका सदस्य पदम कुमारी थापाका श्रीमान सिंगापुर पुलिस फोर्समा २७ वर्ष सेवा गरी वि.सं. २०३६ सालमा स्टाफ सार्जेन्टमा अवकास भई यस समाजका समाजसेवी, सहयोगी, सक्रिय चन्दादाता **चन्द्र बहादुर थापा**को ९३ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। यस दुःखद घडीमा आज परेको दशौं दिनको पुण्य तिथिको (शुद्धाशुद्धि) कार्यक्रममा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति भगवान वुद्धले प्रदान गरुन भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

जयलाल पुन
अध्यक्ष एवं
शिव चौतारी म्याग्दी पोखरा समाज
पोखरा-१५ लक्ष्मीटोल